# भाग ५

## नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

## सूचना १

नेपाल सरकारले भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६घ१. र २६घ३. ले दिएको अधिकार प्रयोग गरी सो ऐनको दफा २६ग. र २६घ. को प्रयोजनको लागि मोही लागेको जग्गाको जग्गावाला र मोहीले त्यस्तो जग्गा बाँडफाँड गरी लिन निवेदन दिनु पर्ने तथा त्यस्तो जग्गाको जग्गावाला र मोहीबीच जग्गा बाँडफाँड गरी कारबाही टुङ्गो लगाई सक्नु पर्ने अवधि तोकी खण्ड ६६, सङ्ख्या २२ मिति २०७३।५।६ को नेपाल राजपत्र भाग ५, खण्ड ६७, सङ्ख्या ३८ मिति २०७४।७।२४ को नेपाल राजपत्र भाग ५, खण्ड ६८, सङ्ख्या ४६ मिति २०७५।९।१६ को नेपाल राजपत्र भाग ५ तथा खण्ड ६९, सङ्ख्या २५ मिति २०७६।५।३० को नेपाल राजपत्र भाग ५ मा सूचना प्रकाशन गरेकोमा पुनः सो ऐनको दफा २६घ१. ले दिएको अधिकार प्रयोग गरी मोही लागेको जग्गाको जग्गावाला र मोहीले बाँडफाँड गरी लिन निवेदन दिने अवधि संवत् २०७८ साल असार मसान्तसम्म र दफा २६घ३. ले दिएको अधिकार प्रयोग गरी मोही लागेको जग्गाको जग्गावाला र मोहीबीच बाँडफाँड गरी कारबाही टुङ्गो लगाई सक्नु पर्ने अवधि संवत् २०७८ साल पुष मसान्तसम्म तोकेको तथा निवेदन दिनु पर्ने म्याद भित्र जग्गाधनी वा मोहीको निवेदन नपरेको जग्गाको हकमा भूमि सम्बन्धी नियमहरु,



Scanned with CamScanner

२०२१ को नियम २४छ. को उपनियम (३क) बमोजिम गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना २

नेपाल सरकारले जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ३ को उपदफा (१) बमोजिम सङ्खुवासभा जिल्लामा जग्गा पुनः नापजाँच गर्ने र सो कार्यका लागि विशेष नापी कार्यालय, सङ्खुवासभाका लागि स्वीकृत अठार जनाको अस्थायी दरबन्दीबाट कार्यसञ्चालन गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**
**टेकनारायण पाण्डे**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०-
गो.हु.द.नं. १६।२०६२।६३

Scanned with CamScanner